दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली,२०७४ को नियम ९(१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

**बैठक संख्या: ८-२०८२/०८३**

**मिति:** २०८२/१२/०१ गते आईतबार (ने.सं. ११४६)

**स्थान:** दंगीशरण गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय कार्यपालिका बैठक हल।

**समय:** दिनको १२:०० बजे

**अध्यक्षता:** श्री शम्भु गिरी ज्यू (गाउँपालिका अध्यक्ष)

**कार्यसूची:-**

| क्र.सं. | प्रस्ताव | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँ सभाको २० औ अधिवेशनको मिति तय गर्ने सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २. | बस्ती स्थानान्तरण तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३. | नदीजन्य पदार्थको उत्खनन् अनुमती सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४. | दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) पास गर्ने समबन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५. | विषयगत समितिको प्रतिवेदन सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६. | आर्थिक सहयोग सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७. | विविध सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव बुझेको भरपाई:-

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली (खड्का) | उपाध्यक्ष | (हस्ताक्षर) |
| २. | श्री रमेश भण्डारी | १ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ३. | श्री डम्बर खत्री | २ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ४. | श्री सुकलाल चौधरी | ३ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ५. | श्री कमल थारु | ४ नं. वडा अध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | ५ नं. वडा अध्यक्ष | |
| ७. | श्री रोशन जंग शाह | ६ नं. वडा अध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | ७ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ९. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १०. | श्री दुर्पती थरुनी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १३. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १४. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | (हस्ताक्षर) |

दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली,२०७४ को नियम ९(१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

**बैठक संख्याः ८-२०८२/०८३**

**मितिः** २०८२/१२/०१ गते आईतबार (ने.सं. ११४६)
**स्थानः** दंगीशरण गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय कार्यपालिका बैठक हल।
**समयः** दिनको १२:०० बजे
**अध्यक्षताः** श्री शम्भु गिरी ज्यू (गाउँपालिका अध्यक्ष)
**कार्यसूचीः-**

| क्र.सं. | प्रस्ताव | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँ सभाको २० औं अधिवेशनको मिति तय गर्ने सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २. | बस्ती स्थानान्तरण तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३. | नदीजन्य पदार्थको उत्खनन् अनुमती सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४. | दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) पास गर्ने समबन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५. | विषयगत समितिको प्रतिवेदन सम्बन्धमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६. | आर्थिक सहयोग सम्बनधमा, | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७. | विविध सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |

**प्रस्ताव प्रमाणित गर्नेको नामः-** शम्भु गिरी
**पदः-** अध्यक्ष
**दस्तखतः-**

बैठक नं.: ८-२०८२/०८३

मिति:२०८२/१२/ ०१ गते आईतबार(ने.सं. ११४६ चिल्लागा)

स्थान:दंगीशरण गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय कार्यपालिका बैठक हल।

अध्यक्षता: श्री शम्भु गिरी ज्यू (गाउँपालिका अध्यक्ष)

प्रस्ताव तथा निर्णयहरु:-

| प्रस्ताव | निर्णय |
|---|---|
| १.गाउँ सभाको २० औ अधिवेशनको मिति तय गर्ने सम्बन्धमा। | १. दंगीशरण गाउँपालिका, गाउँ सभाको २० औ अधिवेशन तपसिलको मिति,समय र स्थानमा गर्ने।<br>तपसिल:<br>मिति: २०८२/१२/०६ गते<br>समय: दिउँसो १:०० बजे<br>स्थान: दंगीशरण गाउँपालिकाको सभाहल,हेकुली दाङ |
| २.बस्ती स्थानान्तरण तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धमा, | २. दंगीशरण गाउँपालिका वडा नं.१ को फुर्केसल्ली क्षेत्रका भिनिन्न बस्तीहरु हाल बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भित्र पर्ने र उक्त क्षेत्रमा बाँके राष्ट्रिय निकुञ्ज स्थापना हुनु भन्दा बर्षौं अघि देखि नै बस्ती बसेको अवस्था रहेको छ।हाल उक्त क्षेत्रमा वन्यजन्तुले मानिस तथा घरपालुवा जनावरलाई आक्रमण गर्ने,लगाएको बालीनाली नष्ट गरिदिने लगायतका समास्या रहेकोले उक्त बस्तीको उचित व्यवस्थापन तथा बस्ती स्थानान्तरणको लागि नेपाल सरकारका सरोकारवाला निकायहरुलाई पत्राचार गरी आवश्यक समन्वय गर्ने। |
| ३. नदीजन्य पदार्थको उत्खनन् अनुमति सम्बन्धमा, | ३. दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने नदी तथा खोलाका घाटहरु बाट आ.व.२०८२/०८३ मा नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा बिक्रीका लागि विभिन्न समयमा ठेक्का लागेका घाटहरु नदीजन्य पदार्थ उत्खनन्,घाटगद्दि तथा ढुवानीको लागि मेशिनरी औजार उपकरण प्रयोगको अनुमति माग भई आएमा ढुङ्गा,गिट्टी वालुवा उत्खनन्,बिक्री तथा व्यवस्थपन सम्बन्धी मापदण्ड,२०७७ को दफा ४ को उपदफा ४ बमोजिम प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनले सिफारीस गरेको सिमा रसर्त भित्र रहि तोकिएको परिमाणको लागी मात्र मेशिन औजार प्रयोग गरी उत्खनन् गरी घाटगद्धिको लागि अनुमति प्रदान गर्ने, साथै उत्खनन् गरी घाटगद्धि गरेको परिमाण लाई गाउँपालिका बाट स्थलगत अनुगमन गरी प्राविधिक कर्मचारी बाट घाटगद्धि परिमाण प्रमाणित गरेर मात्र ढुवानीको लागि अनुमति प्रदान गर्ने निर्णय गरीयो। |
| ४. दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह लोगो पास गर्ने सम्बन्धमा, | ४. दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह लोगो निर्माण सम्बन्धी मापदण्ड २०८२ मा भएको व्यवस्था बमोजिम प्रतिक चिन्ह लोगो छनौटका लागि गाउँपालिका उपाध्यक्ष श्री पिमा कुमारी वली (खड्का) ज्यूको संयोजकत्वमा गठित सिफारीस समितिबाट पेश भई आएका २(दुई) वटा लोगो मध्ये क्र.सं. १ मा रहेको लोगोमा तपसिल बमोजिम संशोधन गरी पास गर्ने निर्णय गरीयो। |

<table>
<tr><td></td><td><u>तपसिलः</u><br>क) सबैन्दा माथि हाम्रो प्रण सम्मुन्नत दंगीशरण लेखेको,नेपालको झण्डा राखेको र झण्डाको मुनि दंगीशरण गाउँपालिका लेखेको, दंगीशरण गाउँपालिका अन्तर्गत पर्ने राजाकोट पहाडको पुरा भाग देखिने पहाडको चित्र, विच भागमा गाउँपालिकाको सात वटा वडा देखिने गाउँपालिकाको नक्शा, लोगोको तल्लो भागमा थारु संस्कृतिको पहिचानका लागि ढकिया प्रयोग गरीएको,सबैभन्दा तल्लो भागमा महिला र पुरुषको हात मिलाएको र अन्तमा हेकुली दाङ,लुम्बिनी प्रदेश,नेपाल लेखिएको लोगो।</td></tr>
</table>

<table>
<tr><td>५. विषयगत समितिको प्रतिवेदन सम्बन्धमा,</td><td>५. दंगीशरण गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत विषयगत समितिका आ.व.२०८२/०८३ को पुस मसान्त सम्मको प्रगति प्रतिवेदन विषयगत समिति बाट प्राप्त गरी आगामी गाउँसभा समक्ष पेश गर्ने निर्णय गरीयो ।</td></tr>
<tr><td>६. आर्थिक सहायता सम्बन्धमा,</td><td>६. दंगीशरण गाउँपालिकाका वडाहरु बाट सिफारीस साथ आर्थिक सहायता/सहयोग माग भई आएका साथै विभिन्न संघ सस्थाबाट समेत आर्थिक सहयोग माग भई आएको हुदाँ तपसिल बमोजिम तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरीयो।<br><u>तपसिलः</u>
<table>
<tr><th>क्र.सं.</th><th>नामथर</th><th>ठेगाना</th><th>सहायता रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>कमल वि.क.</td><td>दंगीशरण-१</td><td>५०००।-</td><td></td></tr>
<tr><td>२.</td><td>देशुलाल थारु</td><td>दंगीशरण-१</td><td>५०००।-</td><td></td></tr>
<tr><td>३.</td><td>तुल्सीराम चौधरी</td><td>दंगीशरण-७</td><td>५०००।-</td><td></td></tr>
<tr><td>४.</td><td>रामलाल चौधरी</td><td>दंगीशरण-३</td><td>५०००ऽ-</td><td></td></tr>
<tr><td>५.</td><td>राप्ती बबई क्याम्पस</td><td>तुलसीपुर दाङ</td><td>५०,०००।-</td><td>शिक्षा तर्फको बजेट बाट</td></tr>
<tr><td>६.</td><td>कमला वि.क.</td><td>दंगीशरण-७</td><td>५०००।-</td><td></td></tr>
<tr><td>७.</td><td>मनकला वि.क.</td><td>दंगीशरण-७</td><td>३०,०००।-</td><td>निर्माण सम्बन्धमा</td></tr>
<tr><td>८.</td><td>उमानन्द बस्नेत</td><td>दंगीशरण-५</td><td>१०,०००/-</td><td></td></tr>
</table></td></tr>
<tr><td>७. विविध सम्बन्धमा,</td><td>७.<br>क) दंगीशरण गाउँपालिकाको कार्यालयको कामकाजमा प्रयोग गर्ने गरी मासिक रु.९५०००।– मा भाडामा लिईएको बोलेरो पिकअपको सवारीधनीले कार्यालयमा निवेदन पेश गरी गाडी भाडा सम्झौता रद्ध गरी गाडी फिर्ता लिएको हुदाँ हाल स्कर्पियो गाडी मासिक भाडा रु. १,१०,०००/-मा दिने गरी प्रयोग भईरहेको हुदाँ उक्त गाडी भाडा अनुमोदन गर्ने निर्णय गरीयो।<br><br>ख) कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाको दोस्रो किस्ता वापतको पेश्की रकम रु.५२,१८,७५०/- (अक्षरुपी बाउन्न लाख आठार हजार सात सय पचास मात्र) उपलब्ध गराउने निर्णय गरीयो।</td></tr>
</table>

कर्ण बहादुर नेपाली
अधिकृत

ग) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/११/१४ गतेको पत्रानुसार संघीय सरकारको न्यूनतम रोजगारी कार्यक्रमका लागि मात्र लागु हुने गरी चैत मसान्त सम्मा म्याद हुने गरी बेरोजगार सुचिकरणको कार्यको लागि सूचना प्रकाशन गर्ने।

घ) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको लागि संघीय सरकार बाट प्राप्त सशर्त बजेट सम्बन्धी कार्यक्रम तथा योजनाहरु राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका,२०८२ बमोजिम सञ्चालन गर्ने।

ङ) पोटली खड्कपुर झो.पु. मा हाल यस आ.व.२०८२/०८३ मा रु.१३ लाख रुपैया विनियोजन भएको र सो रकम बाट पुरा निर्माणको काम सम्पन्न हुन नसक्ने भएकोले कार्य सम्पन्न गर्न रु.२५ लाख आगामी आ.व. मा बजेट सुनिश्चित गरी यस आ.व.को विनियोजित बजेट बाट निर्माण समाग्री वापतको रकम भुक्तानी दिने।

च) दंगीशरण गाउँपालिका वडा नं.०३ मा निर्माणाधिन अवस्थामा रहेको शितभण्डार विविध कारणले निर्माण समपन्न हुन नसकी सञ्चालन हुन नसकेको र उक्त शितभण्डारको बाँकी काम सम्पन्न गर्न प्राविधिक लगत इस्टिमेट तयार गरी मर्मत संभार कोष बाट रकम खर्च गर्ने गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो।

छ) जिल्ला रुपन्देही सैनामैना नगरपालिका वडा नं.६ बस्ने नविन पौडेल समेत विरुद्ध दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय हेकुली दाङ लाई विपक्ष ०८२-WO-०२४४ परमादेश रिट निवेदनमा सम्मानीत श्री सर्वोच्च अदालतमा लिखित जवाफ दर्ता गर्न र उक्त मुद्दामा तारेखमा रहन यस कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत (सातौ) श्री यादव बहादुर डाँगी लाई प्रतिनिधी तोक्ने निर्णय गरीयो।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत